लेखापरीक्षण बुलेटिन

महालेखापरीक्षकको कार्यालयको प्रकाशन

वर्ष ८, अंक ३०, २०८२ पौष (Year 8, Issue 30, Dec/Jan - 2025-26)

महालेखापरीक्षकको कार्यालय



यस भित्र.....

क्र.सं.	शीर्षक	पृष्ठ संख्या
१	माननीय महालेखापरीक्षकज्यूबाट Canadian Audit and Accountability Foundation का प्रतिनिधिसँग भेट।	३
२	माननीय महालेखापरीक्षकज्यूबाट स्थलगत लेखापरीक्षणमा खटिने टोलिलाई निर्देशन।	७
३	सर्वोच्च लेखापरीक्षण संस्थाहरूको पच्चीसौं अन्तर्राष्ट्रिय महाधिवेशन (INCOSAI 2025), इजिप्टमा नेपालको सहभागिता	१२
४	महालेखापरीक्षक समक्ष आर्थिक वर्ष २०८१।८२ को एकीकृत वित्तीय विवरण पेस।	१३
५	आर्थिक वर्ष २०८१।८२ को एकीकृत वित्तीय विवरण पेस।	१६
६	महालेखापरीक्षकको कार्यालयका प्रदेश कार्यालयहरू स्थापना गर्न सङ्गठन संरचना स्वीकृत।	१८

संरक्षक
माननीय महालेखापरीक्षक
श्री तोयम राया

सल्लाहकार
उप-महालेखापरीक्षक
श्री विन्दु विष्ट

सम्पादक मण्डल
संयोजक
नायब महालेखापरीक्षक
श्री श्रीकुमार राई

सदस्य
निर्देशक
श्री टीकानाथ अर्याल
श्री रमेश सुवेदी
लेखापरीक्षण अधिकारी
श्री तुलाराम पोखरेल
श्री दिपक आचार्य

लेआउट/डिजाईन
श्री अनिल कुमार दहित

प्रकाशक
महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं।
फोन नं. ०१-४७७१२७०
फ्याक्स नं. ०१-४२६८३०९
e-mail: oagnep@ntc.net.np
website: oag.gov.np

नोटिस बोर्ड नं. ६१८०१४२५३२७०

प्रवक्ता
नायब महालेखापरीक्षक
श्री श्रीकुमार राई
सम्पर्क : ९८५१३५४००६
ईमेल : aag.mgmt@oagnep.gov.np

सहायक प्रवक्ता/सूचना अधिकारी
निर्देशक
श्री रमेश सुवेदी
सम्पर्क : ९८५१३५४००६
ईमेल : dir.admin@oagnep.gov.np

सम्पादकीय

संविधानको मर्म र सार्वजनिक वित्तीय उत्तरदायित्वको भावना अनुरूप महालेखापरीक्षकको कार्यालयले आर्थिक वर्ष २०८२/८३ को श्रावणदेखि आश्विनसम्मको अवधिमा विविध नीतिगत, व्यवस्थापकीय तथा कार्यान्वयनमुखी कार्यसंचालन गतिविधिहरू सम्पन्न गरेको छ। यी गतिविधिहरूले सार्वजनिक क्षेत्रको वित्तीय अनुशासन, पारदर्शिता र जवाफदेहितालाई अझ सुदृढ बनाउने स्पष्ट संकेत दिएका छन्।

महालेखापरीक्षकको कार्यालयको रणनीतिक योजना, २०२१-२०२५ मा उल्लिखित क्रियाकलापहरूमध्ये सम्पन्न हुन बाँकी रहेका कार्यक्रमहरूको समीक्षा गर्दै तथा महालेखापरीक्षकको छ वर्षे कार्ययोजना समेत समेटी रणनीतिक योजना, २०८२/८३-२०८६/८७ जारी भएको छ। यसले संस्थाको दीर्घकालीन दृष्टिकोण, लक्ष्य तथा प्राथमिकताहरूलाई पुनर्संरचना गरी थप परिणाममुखी र यथार्थपरक बनाउने दिशामा आधार तयार गरेको छ।

यस रणनीतिक योजनाको कार्यान्वयनबाट कार्यालयको पेशागत प्रतिष्ठा, लेखापरीक्षणको गुणस्तर र यसको प्रभाव वृद्धि भई कार्यसम्पादन नतिजा थप उचाइमा पुग्ने र गुणस्तरीय लेखापरीक्षणमार्फत सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह तथा समग्र शासकीय प्रबन्धमा सुधार भई सुशासन कायम गर्न महत्वपूर्ण योगदान पुग्नेमा विश्वास लिइएको छ। ।

महालेखापरीक्षकको कार्यालयको रणनीतिक योजना, २०२१—२०२५ तथा वार्षिक लेखापरीक्षण योजना, २०८२ र लेखापरीक्षण नीति तथा वार्षिक कार्यतालिका, २०८२/०८३ स्वीकृतिसँगै लेखापरीक्षण प्रक्रियालाई समयबद्ध, प्रणालीबद्ध र परिणाममुखी बनाउने आधार तयार भएको छ। सोही कार्ययोजनाअनुरूप पहिलो चरणको स्थलगत लेखापरीक्षण सम्पन्न भई आश्विन मसान्तसम्ममा संघीय, प्रदेश तथा स्थानीय तहका गरी कुल ३ हजार ३६८ कार्यालयहरूको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन जारी भइसकेको छ।

स्थलगत लेखापरीक्षणकै क्रममा सरोकारवालासँग भर्चुअल बैठकमार्फत गुनासा तथा सुझाव संकलन गरी सोको सम्बोधन स्वयं माननीय महालेखापरीक्षकज्यूबाट गरिदा लेखापरीक्षण व्यवस्थापनलाई थप पारदर्शी, सहभागितामूलक र उत्तरदायी बनाउने अभ्यास संस्थागत रूपमा स्थापित हुँदै गएको छ। यसको पहलले लेखापरीक्षणको गुणस्तर अभिवृद्धि, समयसीमा पालन र सुधारात्मक सिफारिसहरूको प्रभावकारी कार्यान्वयनमा ठोस आधार सिर्जना भएको छ। यस अवधिमा सार्वजनिक लेखा समितिका पदाधिकारीहरू तथा लेखा उत्तरदायी अधिकृतहरूसँग लेखापरीक्षण तथा बेरुजु फछ्यौंटसम्बन्धी छलफलले तोकिएको अवधिमै लेखापरीक्षण सम्पन्न गर्न र विगतदेखिका बेरुजु फछ्यौंट गरी वित्तीय अनुशासन सुदृढ गर्ने, जवाफदेहिता अभिवृद्धि गर्ने तथा सार्वजनिक स्रोत साधनको प्रभावकारी उपयोग सुनिश्चित गर्ने दिशामा सकारात्मक आधार तयार गरेको छ।

यस अवधिमा बेरुजु वर्गीकरण निर्देशिका तथा स्थानीय तह लेखापरीक्षण निर्देशिका, २०८२ स्वीकृत हुनु लेखापरीक्षण कार्यमा एकरूपता, स्पष्टता र प्रभावकारिता हासिल गर्ने सन्दर्भमा महत्वपूर्ण नीतिगत सुधारका रूपमा लिन सकिन्छ। संविधानको धारा २४१ बमोजिम महालेखापरीक्षकबाट नियुक्त सार्वजनिक संस्थानका लेखापरीक्षकहरूसँग गरिएको अन्तरक्रियाले संस्थागत क्षमता र सार्वजनिक सस्थानको लेखापरीक्षण प्रतिवेदनको गुणस्तर अभिवृद्धिमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

समग्रमा, महालेखापरीक्षकको कार्यालयले चालु आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिमा विभिन्न पक्षमा सुधार, कार्यान्वयनमा तीव्रता तथा सरोकारवालासँग समन्वयमार्फत सार्वजनिक वित्तीय सुशासन सुदृढीकरणतर्फमा प्रभावकारी पहल गरेको छ। आगामी दिनमा यी प्रयासहरूको निरन्तरता र परिणाममुखी कार्यान्वयनबाट वित्तीय पारदर्शिता र जवाफदेहिताको स्तर सुदृढ हुँदै जाने अपेक्षा गर्न सकिन्छ।

माननीय महालेखापरीक्षकज्यूबाट क्यानेडियन अडिट एकाउन्टविलिटी फाउन्डेशन (CAAF)का प्रतिनिधिसँग भेट।

१ श्रावण, २०८२

माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूबाट क्यानेडियन अडिट एकाउन्टविलिटी फाउन्डेशन (CAAF) का Director श्री Scott Kenneth Loder र Senior Program Officer श्री Nickolas Hasan Cieslinski सँग कार्यालयको सभाकक्षमा भेट भएको थियो। भेटका क्रममा CAAF को "Governance, Accountability and Transparency for Inclusive Public Service" कार्यक्रमसँग सम्बन्धित आवश्यक छलफल तथा पूर्वतयारी कार्यहरू सम्बन्धमा विस्तृत छलफल गरिएको थियो।



छलफल चलिरहेको समयमा लिइएको सामूहिक तस्वीर।

माननीय महालेखापरीक्षकज्यूबाट नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आईक्यान)का नवनिर्वाचित अध्यक्षलाई शपथ ग्रहण।

२ श्रावण, २०८२

माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूबाट आइक्यानका नवनिर्वाचित अध्यक्ष, चार्टर्ड एकाउण्टेण्ट श्री निलबहादुर सारु मगरलाई दशौं परिषद् (अर्थिक वर्ष २०८२।८३) को लागि शपथ ग्रहण गराउने कार्यक्रम सम्पन्न भयो। महालेखापरीक्षकको कार्यालयमा सम्पन्न सपथ ग्रहण समारोहमा महालेखापरीक्षकको कार्यालयका उपमहालेखापरीक्षकलगायत अन्य कर्मचारीको उपस्थिति रहेको थियो।



माननीय महालेखापरीक्षक श्री तोयम रायाबाट नव निर्वाचित अध्यक्ष सीए निलबहादुर सारुमगरलाई शपथ ग्रहण गराउँदै।

नायब महालेखापरीक्षक श्री ध्रुवराज भुसालको सेवा निवृत्ति तथा बिदाइ



नयाब महालेखापरीक्षक श्री ध्रुवराज भुसालको बिदाई पश्चात् लिईएको सामूहिक तस्बीर।

७ श्रावण, २०८२

महालेखापरीक्षकको कार्यालयमा लामो समयसम्म समर्पण, निष्ठा र व्यावसायिक क्षमताका साथ सेवा प्रदान गर्नुभएका नायब महालेखापरीक्षक श्री ध्रुवराज भुसालज्यूको विदाइ कार्यक्रम सम्पन्न भयो।

लेखापरीक्षण अधिकारी पदबाट यस कार्यालयमा प्रवेश गर्नु भएका उहाले २८ वर्ष कार्यकालयमा विभिन्न निर्देशनालयमा रही लेखापरीक्षण र सोको व्यवस्थापन गर्ने कार्यमा योगदान पुर्‍याउनु भएको छ। माननीय महालेखापरीक्षक श्री तोयम राया ज्यूले विदाई कार्यक्रममा मन्तव्य व्यक्त गर्दै संवैधानिक जिम्मेवारीलाई आत्मसात् गर्दै लेखापरीक्षणमा दिनु भएको योगदानप्रति धन्यवाद व्यक्त गर्नुभयो।

नायब महालेखापरीक्षक श्री ध्रुवराज भुसालज्यूले कार्यक्रममा आफ्नो कार्यकालमा साथ, सहयोग र विश्वास प्रदान गर्नुहुने सम्पूर्ण पदाधिकारी, कर्मचारी तथा सरोकारवालाप्रति आभार व्यक्त गर्नुभयो।

विदाई कार्यक्रममा उपस्थित उपमहालेखापरीक्षकज्यू, नायब महालेखापरीक्षकज्यू लगायतले उहाँको कार्यशैली र सहकर्मीप्रतिको सहयोगी भावनाको खुलेर प्रशंसा गर्दै सेवा निवृत जीवन सुखमय रहोस् भनी शुभकामना व्यक्त गर्नुभयो।

महालेखापरीक्षकको ६१औं र ६२औं प्रतिवेदन सम्बन्धमा सार्वजनिक लेखा समितिमा छलफल

११ श्रावण, २०८२

महालेखापरीक्षकको ६१औं र ६२औं वार्षिक प्रतिवेदन सम्बन्धमा सङ्घीय संसदको सार्वजनिक लेखा समितिमा छलफल गरिएको छ।

माननीय महालेखापरीक्षक ज्यूको उपस्थिति रहेको सो कार्यक्रममा समितिका माननीय सदस्यहरू, सम्बन्धित मन्त्रालय तथा निकायका लेखा उत्तरदायी अधिकृतहरूको उपस्थित रहेको थियो। छलफलमा प्रतिवेदनमा उल्लेख भएका बेरूजु, सोको फर्स्यौट र सम्परीक्षण सम्बन्धी विविध विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो।

नेपाल अडिटर्स एशोसिएसन (AUDAN) का अध्यक्षसँग छलफल

१४ श्रावण, २०८२

माननीय महालेखापरीक्षकद्वारा नेपाल अडिटर्स एशोसिएसन (ADAN) का अध्यक्ष श्री केदारनाथ पौडेलसँग कार्यालयको सभाकक्षमा औपचारिक छलफल सम्पन्न गरिएको छ। यस अवसरमा दुई पक्षबीच लेखापरीक्षण तथा अडिटसम्बन्धी विषयमा विचार-विमर्श, अनुभव आदानप्रदान र आगामी सहकार्यका सम्भावनाहरूमा छलफल भएको थियो।

वार्षिक लेखापरीक्षण योजना, लेखाउत्तरदायी अधिकृतसँग नीति तथा कार्यतालिका सम्बन्धमा अन्तरक्रिया



लेखाउत्तरदायी अधिकृतसँग अन्तरक्रिया कार्यक्रममा लिईएको तस्वीर।

१९ श्रावण, २०८२

महालेखापरीक्षकको कार्यालयको सभाकक्षमा आर्थिक वर्ष २०८१/८२ का लागि तयार गरिएको वार्षिक लेखापरीक्षण योजना, लेखापरीक्षण नीति तथा वार्षिक कार्यतालिकासम्बन्धी लेखा उत्तरदायी अधिकृतहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यू, नेपाल सरकारका मुख्य सचिव श्री टेकनारायण अर्याल, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार श्री विमल पौडेल, विभिन्न मन्त्रालय/निकाय/आयोगका लेखा उत्तरदायी अधिकृतहरू तथा सबै सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो। कार्यक्रमको प्रारम्भमा नायब महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारीले महालेखापरीक्षकसम्बन्धी संवैधानिक तथा कानुनी प्रावधान, लेखापरीक्षणको उद्देश्य, क्षेत्र, प्रकार, पद्धति, ६२औं वार्षिक प्रतिवेदनका मुख्य बुँदा तथा बेरुजुको अवस्था र यस वर्षको लेखापरीक्षण नीति, कार्यतालिका, कार्यमूलक तथा विशेष लेखापरीक्षणका विषयवस्तु र कार्यालयको अपेक्षा सम्बन्धी प्रस्तुतीकरण गर्नु भएको थियो। उक्त प्रस्तुतीकरणपछि खुला सत्रमा लेखा उत्तरदायी अधिकृतहरूले विगतका आर्थिक वर्षमा देखिएका बेरुजुका कारण र आगामी लेखापरीक्षणमा सुधारका विविध पक्षमा धारणा राख्नुभयो। सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार श्री विमल पौडेलले बेरुजु न्यूनीकरण सबैको साझा दायित्व भएकोले लेखा उत्तरदायी अधिकृतहरूले निगरानी बढाउनुपर्नेमा जोड दिनुभयो। सार्वजनिक सम्पत्तिको संरक्षण गर्न व्यक्तिगत सम्पत्तिको जस्तै जिम्मेवारी लिनुपर्ने र वैधानिकता मात्र होइन, वैधता पनि सुनिश्चित हुनुपर्ने धारणा व्यक्त गर्नुभयो।

नेपाल सरकारका मुख्य सचिव श्री एकनारायण अर्यालले अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेकोमा महालेखापरीक्षकको टोलीलाई धन्यवाद दिँदै हालैको कानुन संशोधनले महालेखापरीक्षकको अधिकारमा थप स्पष्टता कायम भएको बताउनुभयो। उहाँले लेखा उत्तरदायी अधिकृतहरूले आफूले गरेका निर्णयको कार्यान्वयन गरी बेरुजु आउन नदिने, विगतका बेरुजुको फर्स्यौट तथा सम्परीक्षण गर्ने र पारदर्शिता कायम गर्ने विषय उच्च प्राथमिकतामा राख्न निर्देशन दिँदै सोका लागि मन्त्रालय र महालेखापरीक्षकको कार्यालयबिच सहकार्य अपरिहार्य रहेको स्पष्ट गर्नुभयो। उहाँले कार्यालय खारेज हुँदा र गाभिँदा कायम भएको बेरुजु, औचित्य विना खोलिएका प्रदेश कार्यालयमा भएका खर्च तथा आयोजनामा भएको दोहोरोपनाका विषयमा लेखापरीक्षण गर्दा ध्यान दिनुपर्ने उल्लेख गर्नुभयो। खर्च प्रणालीमा प्रविधिको प्रयोग गर्नुपर्ने र पेश्की बेरुजु फर्स्यौटका लागि गम्भीर बन्नुपर्ने बताउँदै यस वर्ष ७० प्रतिशतभन्दा बढी बेरुजु फर्स्यौट गर्ने लक्ष्य पूरा गर्न सबैलाई लाग्न निर्देशन दिनुभयो। साथै उहाँले महालेखापरीक्षक र सार्वजनिक लेखा समितिबीचसमेत सघन रुपमा समन्वय हुनुपर्ने विषयमा जोड दिँदै सार्वजनिक लेखा समितिले समेत नीतिगत विषयमा देखिएको बेरुजुको सम्बन्धमा निकास दिनुपर्ने बताउनुभयो। कार्यक्रमको अन्त्यमा माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूले प्रस्तुत गरिएका जिज्ञासाहरूको सम्बोधनका क्रममा सहभागीहरूको रचनात्मक सुझावहरूप्रति आभार प्रकट गर्दै सार्वजनिक खर्चका बारेमा आम नागरिकको दृष्टिकोणबाट जवाफ खोज्नु आवश्यक रहेकोमा जोड दिनुभयो। उहाँले स्थलगत लेखापरीक्षणपछि देखिएका बेहोराबारे बहिर्गमन बैठकमा विस्तृत रूपमा छलफल हुने र प्रारम्भिक प्रतिवेदनपश्चात् समेत थप ३५ दिनको प्रतिक्रिया दिने समय भएकोले त्यस्ता छलफलमा सहभागी हुन र प्रतिक्रिया समयमै दिन कार्यालयको सक्रियता आवश्यक रहेको विचार व्यक्त गर्दै वार्षिक प्रतिवेदनमा समावेश हुने बेहोरासम्बन्धमा समेत मन्त्रालयबाट प्रतिक्रिया उपलब्ध गराउन अनुरोध गर्नु भएको थियो। यस वर्षदेखि नेपाल लेखापरीक्षण व्यवस्थानप प्रणालीमार्फत मन्त्रालय र मातहतका कार्यालयहरूको एकीकृत अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी गरिएको जानकारी दिँदै गत असारसम्म सम्परीक्षणका लागि पेश भएका करिब ८० हजार अनुरोधहरू टुंगो लगाई रु. १४ अर्ब असुल गर्नुपर्ने सहित ३२ अर्बको सम्परीक्षण सम्पन्न भएको जानकारी दिनुभयो। केही सार्वजनिक संस्थाहरूले विगत ७-८ वर्षदेखि लेखापरीक्षण नै नगराएको र आफैंले मापदण्ड तोक्ने तर पालना नगर्ने प्रवृत्तिमाथि प्रश्न गर्नुभयो। कानुनमा अन्तिम लेखापरीक्षण गर्दा आन्तरिक लेखापरीक्षणलाई समेत आधार बनाउनुपर्ने उल्लेख भए पनि कतिपय कार्यालयहरूले आन्तरिक लेखापरीक्षण नै नगरेको बताउनुभयो। विभिन्न परिषद्हरुः मन्त्रालयअन्तर्गत रहे पनि धेरैजसोको अन्तिम लेखापरीक्षण कुन निकायबाट हुने भन्ने स्पष्ट नभएको उल्लेख गर्दै यस विषयमा खोजी गरिने बताउनुभयो। अन्यमा लेखापरीक्षणमा जिम्मेवार व्यक्ति तथा लेखा उत्तरदायी अधिकृतहरूले आवश्यक सहयोग गर्न, आर्थिक विवरण तथा आवश्यक प्रमाण कागजात समयमै लेखापरीक्षकसमक्ष पेश गर्न तथा प्रारम्भिक प्रतिवेदनउपर समयमै प्रतिक्रिया दिई बेरुजु फर्स्यौट गर्न/गराउन र सम्परीक्षणका लागि पेश गर्न लेखा उत्तरदायी अधिकृतहरूलाई निर्देशन दिँदै कार्यक्रमको समापन भएको थियो।

सल्लाहकार समितिको २४औं बैठक सम्पन्न

२१ श्रावण, २०८२

सल्लाहकार समितिको २४औं बैठक महालेखापरीक्षकको कार्यालयको सभाकक्षमा २०८२ साल श्रावण २१ गते सम्पन्न भएको छ। बैठकमा आर्थिक वर्ष २०८१/८२ को वार्षिक लेखापरीक्षण योजना, २०८२ तथा लेखापरीक्षण नीति र वार्षिक कार्यतालिका, २०८२/८३ का विषयमा विस्तृत छलफल गरिएको थियो। बैठकमा निर्धारित समयभित्र लेखापरीक्षण कार्य सम्पन्न गर्नुपर्ने विषयमा विशेष जोड दिइएको थियो। साथै, लेखापरीक्षण प्रक्रियालाई थप व्यवस्थित, प्रभावकारी र परिणाममुखी बनाउन आवश्यक सुधारका उपायहरूबारे छलफल भएको थियो।

बैठकका क्रममा लेखापरीक्षणको योजना कार्यान्वयन, स्रोतसाधनको समुचित परिचालन, लेखापरीक्षण पद्धतिमा एकरूपता, बेरुजु वर्गीकरण तथा प्रतिवेदनको गुणस्तर अभिवृद्धि, लेखापरीक्षणको विश्वसनीयता सुदृढीकरण तथा सरोकारवाला निकायहरूसँग समन्वय बढाउने विषयमा विभिन्न सुझावहरू प्रस्तुत गरिएको थियो। बैठकबाट प्राप्त सुझावहरूले लेखापरीक्षण कार्यलाई समयमै सम्पन्न गर्न, सार्वजनिक खर्चको पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्न तथा समग्र लेखापरीक्षण प्रणालीलाई सुदृढ बनाउने दिशामा मार्गदर्शन प्रदान गर्ने विश्वास गरिएको छ।



माननीय महालेखापरीक्षकज्यू साथमा उप-महालेखापरीक्षकहरु र लेखापरीक्षण सल्लाहकार समितिका सदस्यहरु।

बेरुजु वर्गीकरण निर्देशिका स्वीकृत

२८ श्रावण, २०८२

माननीय महालेखापरीक्षकज्यूबाट बेरुजु वर्गीकरण निर्देशिका, २०८२ स्वीकृत भएको छ। उक्त निर्देशिकाले वित्तीय कारोबारका क्रममा देखिने बेरुजुको वर्गीकरणलाई थप स्पष्ट, व्यवस्थित र एकरूप बनाउन उद्देश्य राखेको छ।

लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्दै संस्थाको साख उच्च राख्, लेखापरीक्षण प्रतिवेदन तथ्यमा आधारित, समसामयिक, स्पष्ट एवं सन्तुलित बनाउन प्रतिवेदनको भाषा र प्रस्तुतिमा एकरूपता हुनु आवश्यक छ। लेखापरीक्षणको कार्यक्षेत्र तथा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइने विषयमा आएको परिवर्तन, विभिन्न सरोकारवालाबाट प्राप्त सुझाव र विगतको अनुभवलाई समेत दृष्टिगत गर्दै साविकको बेरुजु वर्गीकरण निर्देशिका, २०७६ लाई समय सापेक्ष परिमार्जन गरी यो निर्देशिका जारी गरिएको हो।

लेखापरीक्षण प्रतिवेदन तयार गर्दा बेरुजु औंल्याउने र वर्गीकरण गर्ने विषय पेसागत विवेकमा निर्भर रहन्छ। कतिपय अवस्थामा कारोबार हुँदाको अवस्था, प्रकृति, विषयको गाम्भीर्यता, लेखापरीक्षण निकायको प्रतिबद्धताजस्ता विषयले बेरुजु वर्गीकरणमा भिन्नता आउन सक्दछ। एकै विषयमा समेत फरक फरक बुझाइ र लेखन हुने स्थितिलाई न्यून गर्दै बेरुजु औंल्याउने तथा वर्गीकरण गर्ने सम्बन्धमा एकरूपता ल्याई लेखापरीक्षणको गुणस्तर वृद्धि गर्न र प्रतिवेदन तयारीमा मार्गदर्शन प्रदान गर्ने अपेक्षासहित यो निर्देशिका जारी गरिएको छ।

यस निर्देशिकाअनुसार कार्यसम्पादन गर्दा समान विषयमा समान धारणा तयार हुने र प्रतिवेदनप्रति सरोकारवालाको विश्वासमा अभिवृद्धि हुने अपेक्षा गरिएको छ। यो निर्देशिकाले लेखापरीक्षणमा संलग्न जनशक्तिलाई लेखापरीक्षण गर्दा सैद्धान्तिक र लगती बेरुजु औंल्याउनुपर्ने अवस्था यकिन गर्न, लगती बेरुजु अन्तर्गत असुल गर्नुपर्ने, अनियमितताहरू र पेस्कीमा वर्गीकरण गर्ने विषयमा मार्गदर्शन प्रदान गर्नेछ।



वर्ष ८, अंक ३०, २०८२ पौष (Year 8, Issue 30 Dec/Jan - 2025-26)

माननीय महालेखापरीक्षकज्यूबाट स्थलगत लेखापरीक्षणमा खटिने टोलिलाई निर्देशन

२१-२२ श्रावण, २०८२

आर्थिक वर्ष २०८१/८२ को संघ, प्रदेश तथा स्थानीय तहको लेखापरीक्षण कार्यमा खटिने महालेखापरीक्षकको कार्यालयका कर्मचारीहरूलाई माननीय महालेखापरीक्षक तथा उपमहालेखापरीक्षकज्यूहरूले श्रावण २१ र २२ गते निर्देशन दिनु भएको छ। वार्षिक लेखापरीक्षण योजना, २०८२ अनुसार पहिलो चरणमा लेखापरीक्षण गरिने ४० जिल्लामा खटिने लेखापरीक्षकहरूलाई दुई समूहमा विभाजन गरी कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रमअन्तर्गत सबै संघीय लेखापरीक्षण तथा लेखापरीक्षण व्यवस्थापन महानिर्देशनालयका कर्मचारीहरूलाई श्रावण २१ गते र सबै प्रदेश लेखापरीक्षण महानिर्देशनालयअन्तर्गतका कर्मचारीहरूलाई श्रावण २२ गते निर्देशन कार्यक्रम सञ्चालन गरिएको थियो।



स्थलगत लेखापरीक्षणमा खटिने कर्मचारीहरूलाई निर्देशन दिनुहुँदै माननीय महालेखापरीक्षक श्री तोयम राया।

कार्यक्रममा उपमहालेखापरीक्षकज्यूहरूले वार्षिक लेखापरीक्षण योजनाको पालन र लेखापरीक्षण गर्दा अवलम्बन गर्नुपर्ने विधि, प्रक्रिया र आचरणको कार्यान्वयन तथा बेरुजु वर्गीकरण निर्देशिका, २०८२ अनुसार बेरुजुको वर्गीकरण गर्नुपर्ने विषयमा समेत निर्देशन दिनुभएको थियो। उक्त कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले नेपालको संविधान, प्रचलित ऐन तथा कानुनी व्यवस्था र वार्षिक लेखापरीक्षण योजना, २०८२ अनुसार लेखापरीक्षणको कार्य सम्पन्न गर्ने सम्बन्धमा कर्मचारीहरूलाई विविध विषयमा निर्देशन दिनुभएको थियो। उहाँले संवैधानिक तथा कानुनी व्यवस्था बमोजिम आम नागरिकको करबाट हुने सार्वजनिक खर्चको लेखापरीक्षण गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने भएकाले लेखापरीक्षकहरू प्रत्यक्ष वा परोक्ष रूपमा आम नागरिकप्रति जवाफदेही हुनुपर्ने विषयमा जोड दिनुभएको थियो।

उहाँले स्थलगत लेखापरीक्षणको क्रममा सम्बन्धित कार्यालयका कर्मचारीहरूसँग शिष्ट व्यवहार गर्नुपर्ने, लेखापरीक्षकले आचारसंहिता पालन गर्नुपर्ने, प्रवेश बैठक तथा बहिर्गमन बैठकमा सम्बन्धित कार्यालयका अधिकतम पदाधिकारी तथा कर्मचारीहरूको सहभागिता सुनिश्चित गर्नुपर्ने, बहिर्गमन बैठकमा बेरुजुका विषयमा सम्बन्धित पदाधिकारीसँग छलफल गरी असहमति भएका विषयहरू कार्यालयको भनाइमा उल्लेख गर्नुपर्ने, समान प्रकृतिका कार्यालयहरूमा एउटै विषयमा फरक-फरक बेरुजु आउन नदिन टोलीभित्र, जिल्लाभित्रका टोलीहरूबीच र शाखागत रूपमा सञ्चार तथा अन्तरक्रिया गर्नुपर्ने, सम्परीक्षणका अनुरोधहरू समयमै टुंग्याउनुपर्ने तथा लेखापरीक्षणको क्रममा कुनै समस्या देखिएमा सम्बन्धित सुपरिवेक्षकमार्फत जानकारी गराउनुपर्ने लगायतका विषयहरूमा निर्देशन दिनुभएको थियो। उक्त कार्यक्रम माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षणमा खटिने सबै कर्मचारीहरूलाई शुभयात्राको कामना गर्दै समापन भएको थियो।



स्थलगत लेखापरीक्षणमा खटिने टोली सुपरभाइजर र सहभागी कर्मचारीहरू।

सङ्घीयता सबलीकरण समितिको बैठकमा सहभागिता

२८ श्रावण, २०८२

माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यू संघीयता सबलीकरण समितिले आयोजना गरेको बैठकमा उपस्थित हुनु भयो। उक्त बैठकमा संघीय शासन प्रणाली सुदृढीकरण, संघ प्रदेश र स्थानीय तहबीचको समन्वय, सार्वजनिक खर्चको पारदर्शिता तथा उत्तरदायित्व अभिवृद्धि लगायतका विषयमा छलफल भएको थियो। बैठकका क्रममा माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षणका अनुभव, देखिएका चुनौती तथा सुधारका उपायहरूबारे महत्वपूर्ण धारणा राख्नु हुँदै संघीय संरचनामा वित्तीय अनुशासन र सुशासन प्रवर्द्धनका जोड दिनु भएको थियो।

उप-महालेखापरीक्षक श्री नारायण एम.सी.ज्यूको सेवा निवृत्ति तथा बिदाइ कार्यक्रम सम्पन्न

२९ श्रावण, २०८२

उपमहालेखापरीक्षक श्री नारायण एम.सी. ज्यूको सेवा निवृत्ति तथा विदाइ कार्यक्रम कार्यालयको सभाहलमा सम्पन्न भयो। लेखापरीक्षण अधिकारी पदबाट यस कार्यालयमा प्रवेश गर्नु भएका एम.सी.ज्यूले निर्देशक, नायवमहालेखापरीक्षक हुँदै उपमहालेखापरीकसम्मको कार्यकालमा लेखापरीक्षण र सोको व्यवस्थापन कार्यमा महत्वपुर्ण योगदान पुर्‍याउनुभएको छ ।

माननीय महालेखापरीक्षकज्यूले उहाले पुर्‍याएको योगदान र संस्थाप्रतिको समर्पणलाई स्मरण गर्दै दीर्घकालीन सेवाप्रति उच्च सम्मान र सेवा निवृत्त जीवनको हार्दिक शुभकामना व्यक्त गर्नु भयो। उपमहालेखापरीक्षक श्री नारायण एम.सी.ज्यूले लेखापरीक्षणको अवधिमा भोगेको अनुभवहरू बताउँदै उपमहालेखापरीक्षकसम्मको यात्रामा सहयोग, मार्गदर्शन र सहकार्यको सधैं आभारी रहने बताउनु भयो। यस अवसरमा उपस्थित उपमहालेखापरीक्षकज्यूहरू, नायब महालेखापरीक्षकज्यूहरू र निर्देशकहरूलगायतका कर्मचारीहरूले उहाँको सेवा निवृत जीवन सुखमय र सफल रहोस् भनी हार्दिक शुभकामना व्यक्त गर्नुभयो।



उप-महालेखापरीक्षक श्री नारायण एम.सी.को सेवा निवृत्ति तथा विदाइ पश्चात् लिइएको सामूहिक तस्वीर।

कृत्रिम बुद्धिमत्ता सम्बन्धी विज्ञहरूसँग भेटघाट

५ भाद्र, २०८२

माननीय महालेखापरीक्षकज्यूबाट कृत्रिम बुद्धिमत्ता (AI) सम्बन्धी विषयमा AI विज्ञ र IT Team सँग छलफल सम्पन्न भयो। उक्त भेटघाटमा लेखापरीक्षण कार्यमा AI प्रविधिको प्रयोग, डेटा विश्लेषण, जोखिम पहिचान तथा कार्यसम्पादन प्रभावकारिता अभिवृद्धिका सम्भावनाबारे छलफल गरियो। साथै, प्रविधि अपनाउँदा अपनाउनुपर्ने सुरक्षा, गोपनीयता र संस्थागत क्षमताका विषयमा पनि विचार विमर्श भएको थियो।

सङ्गठित संस्थाका लेखापरीक्षकहरूसँग अन्तरक्रिया

६ भाद्र, २०८२

नेपालको संविधानको धारा २४१ बमोजिम नियुक्त सङ्गठित संस्थाका लेखापरीक्षकहरूसँग महालेखापरीक्षकको कार्यालयमा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

माननीय महालेखापरीक्षकज्यूको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा यस कार्यालयका उपमहालेखापरीक्षक श्री बैकुण्ठ बहादुर अधिकारीले संङ्गठित संस्थाको लेखापरीक्षण गर्दा अपनाउनु पर्ने विधि प्रक्रिया तथा समयावधिलगायतका विषयको जानकारी र यस सम्बन्धमा महालेखापरीक्षकको कार्यालयको अपेक्षा सम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो। यस सन्दर्भमा उहाँले सबै लेखापरीक्षकले यस कार्यालयबाट जारी निर्देशन अनिवार्य पालना गर्नुपर्ने र अन्तिम प्रतिवेदन जारी गर्नुपूर्व माननीय महालेखापरीक्षकलाई जानकारी गराउनुपर्ने विषयमा ध्यानाकर्षण गराउनुभएको थियो।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका अध्यक्ष श्री निलबहादुर सारुले अन्तरक्रिया कार्यक्रममा भाग लिने अवसर प्रदान गरिएकोमा धन्यवाद ज्ञापन गर्दै, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले निकट भविष्यमा सार्वजनिक वित्त व्यवस्थापन तथा सार्वजनिक खरिदसम्बन्धी तालिमहरू सञ्चालन गर्न लागेको जानकारी दिनुभयो। उहाँले लेखापरीक्षणको क्रममा संस्थाभन्दा पनि राष्ट्रको हितलाई प्राथमिकता दिई कार्य गर्नु आवश्यक रहेकोमा जोड दिनुभयो।

माननीय महालेखापरीक्षकज्यूले आफ्नो धारणा राख्ने क्रममा सङ्गठित संस्थाको लेखापरीक्षणले सम्पूर्ण लेखापरीक्षण रकमको करिब आधा हिस्सा ओगटने र पब्लिक पर्सको लेखापरीक्षण हुँदा निजी क्षेत्रकोभन्दा पृथक तरिकाले लेखापरीक्षण गर्नु पर्ने बताउनु भयो। गत वर्षदेखि सस्थानको लेखापरीक्षणलाई समेत वार्षिक प्रतिवेदनमा समेटिएको जानकारी गराउदै तोकिएको समयमै लेखापरीक्षण गर्न आवश्यक व्यवस्थापनका लागि निर्देशन दिनु भयो। सञ्चालक समितिको पदाधिकारीले लिएका सुविधा र विदेश भ्रमण, कार्यविधि नियमावली बनाउने अधिकार, बजेट स्वीकृति, सस्थानले लिएको ऋणको रकमलाई सार्वजनिक ऋण व्यवस्थापन कार्यालयसंग रुजु गर्ने, खरिद प्रक्रिया, जनशक्ति व्यवस्थापन, कर्मचारीको सेवा सुविधा, सस्थागत सामाजिक उत्तरदायित्वमा भएको खर्च एवम् गत वर्षको लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको अवस्थालगायतका सम्बन्धमा समेत ध्यान दिन निर्देशन दिनु भयो। संस्थानमा लेखापरीक्षण प्रतिवेदनमा सार्वजनिक खरिदसम्बन्धी विषयको बेहोरा धेरै कम आउने गरेको देखिएकोले लेखापरीक्षण गर्दा खरिद प्रक्रियामासमेत विशेष जोड दिई लेखापरीक्षण गर्न थप निर्देशन दिनु भयो। कार्यक्रममा यस कार्यालयका कर्मचारीहरू तथा सङ्गठित संसथाको लेखापरीक्षण गर्ने करिब ८० जना लेखापरीक्षकहरूको उपस्थिति रहेको थियो।

नायब महालेखापरीक्षक रविन्द्र प्रसाद देवकोटाको सेवा निवृत्ति तथा बिदाइ

५ श्रावण, २०८२

महालेखा परीक्षकको कार्यालयमा लामो समयसम्म समर्पण, निष्ठा र व्यावसायिक क्षमताका साथ सेवा प्रदान गर्नुभएका नायब महालेखापरीक्षक श्री रविन्द्र प्रसाद देवकोटाज्यूको विदाई कार्यक्रम सम्पन्न भयो।

लेखापरीक्षण अधीक्षक पदबाट यस कार्यालयमा प्रवेश गर्नु भएका उहाले विभिन्न निर्देशनालयमा वसी लेखापरीक्षण र सोको व्यवस्थापन गर्ने कार्यमा योगदान पुर्‍याउनु भएको छ। माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूले विदाई कार्यक्रममा मन्तव्य व्यक्त गर्दै संवैधानिक जिम्मेवारीलाई आत्मसात् गर्दै लेखापरीक्षणमा दिनु भएको योगदानप्रति धन्यवाद व्यक्त गर्नुभयो।

नायब महालेखापरीक्षक देवकोटाज्यूले कार्यक्रममा आफ्नो कार्यकालमा साथ, सहयोग र विश्वास प्रदान गर्नुहुने सम्पूर्ण पदाधिकारी, कर्मचारी तथा सरोकारवालाप्रति आभार व्यक्त गर्नुभयो।

बिदाइ कार्यक्रममा उपस्थित उपमहालेखापरीक्षकज्यू, नायब महालेखापरीक्षकज्यू लगायतले उहाँको कार्यशैली र सहकर्मीप्रतिको सहयोगी भावनाको खुलेर प्रशंसा गर्दै सेवा निवृत जीवन सुखमय रहोस् भनी शुभकामना व्यक्त गर्नुभयो।



नायब महालेखापरीक्षक श्री रविन्द्र प्रसाद देवकोटाको सेवा निवृत्ति तथा बिदाइ पश्चात् लिइएको सामूहिक तस्वीर।

श्री इन्द्रप्रसाद आचार्यज्यूको उप-महालेखापरीक्षकमा पदोन्नति

१० भाद्र, २०८२

नायब महालेखापरीक्षकबाट उपमहालेखापरीक्षक पदमा पदोन्नति हुनुभएका श्री इन्द्रप्रसाद आचार्यज्यूको बधाई तथा स्वागत कार्यक्रम कार्यालयको सभाकक्षमा सम्पन्न भयो। कार्यक्रममा माननीय महालेखापरीक्षकज्यू, अन्य उपमहालेखापरीक्षकज्यू, नायव महालेखापरीक्षकज्यू, निर्देशकहरू तथा कार्यालयका कर्मचारीहरूको उपस्थिति थियो।

उहाँको लामो अनुभव, कुशल नेतृत्व र विशिष्ट योगदानको प्रशंसा गर्दै नयाँ जिम्मेवारीमा संस्थाको लेखापरीक्षण प्रणालीलाई थप सुदृढ र गुणस्तरीय बनाउन उहाँबाट महत्त्वपूर्ण भूमिका निर्वाह हुने विश्वास लिइएको छ। कार्यक्रममा उपस्थित सबैले उहाँको सफल कार्यकालको शुभकामना व्यक्त गर्नु भएको थियो।



श्री इन्द्रप्रसाद आचार्यको उप-महालेखापरीक्षकमा पदोन्नतिको स्वागत कार्यक्रम पश्चात् लिइएको सामूहिक तस्वीर।

सरोकारवालाहरूसँग भर्चुअल बैठकमार्फत् छलफल तथा अन्तरक्रिया

११ भाद्र, २०८२

वार्षिक लेखापरीक्षण योजना, २०८२ बमोजिम विभिन्न ४० जिल्लामा स्थलगत लेखापरीक्षण टोलीमार्फत लेखापरीक्षण कार्य सञ्चालन भइरहेको सन्दर्भमा सो कार्यलाई थप प्रभावकारी बनाउन र लेखापरीक्षण प्रक्रियामा गुणस्तरीयता तथा पारदर्शिता सुनिश्चित गर्न सरोकारवालाहरूको सहभागितामा भर्चुअल बैठकमार्फत् छलफल तथा अन्तरक्रिया सम्पन्न भयो।

२०८२ साल भाद्र ११ गते सम्पन्न उक्त भर्चुअल बैठकमा स्थानीय तहका प्रमुख तथा उपप्रमुख, लेखा उत्तरदायी अधिकृतहरू, सम्बन्धित मन्त्रालय/निकाय/आयोगका प्रतिनिधि तथा लेखापरीक्षण कार्यमा खटिने कर्मचारीहरूलगायतको सहभागिता थियो। बैठकका क्रममा सहभागीहरूले स्थलगत लेखापरीक्षणको क्रममा देखिएका चुनौती, समस्या तथा सुधारका उपायहरूमाथि आफ्नो धारणा राख्नुभयो।

बैठकमा सहभागीहरूले मौखिक रूपमा जिज्ञासा राख्नुका साथै भर्चुअल च्याटबक्समार्फत् सुझावहरूसमेत पेश गर्नुभयो। प्रस्तुत जिज्ञासा र सुझावहरूमाथि माननीय महालेखापरीक्षकज्यूले सम्बोधन गर्नु भएको थियो। यस प्रकारको अन्तरक्रिया प्रणालीले वर्तमान लेखापरीक्षण वातावरणमा सहज समन्वय र सक्रिय सहभागिताका माध्यमबाट कार्यको प्रभावकारिता, पारदर्शिता र गुणस्तर अभिवृद्धि गर्ने महत्वपूर्ण उपायको रूपमा भूमिका निर्वाह भएको अपेक्षा गरिएको छ।

माननीय महालेखापरीक्षकज्यूद्वारा कोशी प्रदेशको लेखापरीक्षणको अनुगमन भ्रमण

१३-१४ भाद्र, २०८२

महालेखापरीक्षकको संवैधानिक दायित्वअनुसार देशभर सार्वजनिक निकायहरूको आर्थिक वर्ष २०८१।८२ को अन्तिम लेखापरीक्षण भइरहेको सन्दर्भमा, कोशी प्रदेशका विभिन्न जिल्लाहरूमा भैरहेको लेखापरीक्षण कार्यको प्रभावकारिता, गुणस्तर र समयबद्धताको अनुगमन तथा मूल्याङ्कन गर्ने उद्देश्यले माननीय महालेखापरीक्षकज्यूले कोशी प्रदेश भ्रमण गर्नु भयो।

उक्त भ्रमणका क्रममा प्रदेश अन्तर्गतका जिल्ला तथा स्थानीय तहहरूमा सञ्चालित लेखापरीक्षण कार्यको प्रगति अवस्था, देखिएका समस्या तथा चुनौतीहरूका विषयमा अनुगमन गर्नुका साथै प्रदेशमा संचालित विभिन्न कार्यक्रममा सहभागी हुनु भएको थियो।

स्थानीय तहको लेखापरीक्षण निर्देशिका, २०८२ स्वीकृत

१७ भाद्र, २०८२

माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूबाट स्थानीय तहको लेखापरीक्षण निर्देशिका, २०८२ स्वीकृत भएको छ। उक्त निर्देशिकाले स्थानीय तहको कार्य प्रणालीअनुसार कारोबारको प्रकृति र जोखिम विश्लेषणसहित अन्य विषयको पहिचान एवं कार्यान्वयन गर्न तथा लेखापरीक्षण कार्यलाई थप प्रभावकारी बनाउन निर्देशिकाले दिशा निर्दिष्ट गर्नेछ। यस निर्देशिकाको कार्यान्वयनबाट स्थानीय तहमा हुने जोखिम पत्ता लगाई लेखापरीक्षण प्रतिवेदनमा एकरूपता हुने तथा योजना र कार्यान्वयनमार्फत सोको सम्बोधन गर्न सहज हुने, लेखापरीक्षण कार्यमा प्रभावकारिता र गुणस्तरमा अभिवृद्धि हुने विश्वास लिइएको छ। निर्देशिकामा उल्लिखित विषयको कार्यान्वयन गर्न लेखापरीक्षणमा संलग्न हुने कर्मचारीहरूसँग निष्ठा, इमान्दारिता, व्यावसायिकता पूर्वक कार्यसम्पादन गर्ने र विषयवस्तुको पहिचान, विश्लेषण र प्रस्तुतिकरणमा पर्याप्त विवेक प्रयोग हुने अपेक्षा गरिएको छ।



पहिलो चरणका ४० जिल्लाको स्थलगत लेखापरीक्षण सम्पन्न गरी फर्किएका कर्मचारीहरूसँग छलफल कार्यक्रम

२६-२९ असोज, २०८२

आर्थिक वर्ष २०८१।८२ को अन्तिम लेखापरीक्षण अन्तर्गत पहिलो चरणका ४० जिल्लाको स्थलगत लेखापरीक्षण कार्य सम्पन्न गरी फर्केका कर्मचारीहरूसँग अनुभव, समस्या, चुनौती र सुधारका उपायहरूबारे २०८२ आश्विन ९ मा छलफल कार्यक्रम सम्पन्न भयो। छलफलमा कर्मचारीहरूले लेखापरीक्षण कार्यसम्पादनको क्रममा देखिएका कठिनाइ, स्रोत र जनशक्तिको व्यवस्थापन, लजिष्टिक समस्या र प्रतिवेदन लेखनका साथै आगामी चरणका लागि आवश्यक सुधारात्मक सुझावहरू प्रस्तुत गरेका थिए।

माननीय महालेखापरीक्षकज्यूले उपस्थित सबै कर्मचारीले कठीन अवस्थामा समेत तोकिएको समयमै स्थलगत लेखापरीक्षण सम्पन्न गर्नु भएकोमा प्रशंसा गर्दै आगामी चरणमा थप गुणस्तरीय, समयबद्ध र प्रभावकारी लेखापरीक्षण सुनिश्चित गर्न सबैको योगदान अपेक्षित रहेको उल्लेख गर्नुभयो। यसै गरी माननीय महालेखापरीक्षकज्यूले निर्देशकहरु, लेखापरीक्षण अधिकारीहरु, तथा अन्य कर्मचारीसँग समेत अलग अलग समुहमा २०८२ आश्विन २६ देखि २९ सम्म लेखापरीक्षणसम्बन्धमा छलफल गर्नु भएको थियो।

सर्वोच्च लेखापरीक्षण संस्थाहरूको पच्चीसौं अन्तर्राष्ट्रिय महाधिवेशन (INCOSAI 2025), इजिप्टमा नेपालको सहभागिता

१०-१४ कार्तिक, २०८२

अरब गणतन्त्र इजिप्टको शर्म अल-शेखमा सन् २०२५ अक्टोबर २७ देखि ३१ सम्म आयोजित सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय सङ्गठन (INTOSAI) को पच्चीसौं अन्तर्राष्ट्रिय महाधिवेशन (INCOSAI 2025) मा नेपालले महालेखापरीक्षक माननीय तोयम रायाको नेतृत्वमा उच्चस्तरीय प्रतिनिधिमण्डलसहित सहभागिता जनाएको छ। प्रतिनिधिमण्डलमा उपमहालेखापरीक्षक श्री वैकुण्ठ बहादुर अधिकारी तथा नायव महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारी सहभागी हुनुहुन्थ्यो। महाधिवेशनअन्तर्गत अक्टोबर २७ र २८ मा INTOSAI Governing Board तथा Professional Standards Committee (PSC), Capacity Building Committee (CBC) र Knowledge Sharing Committee (KSC) लगायतका समितिहरूका बैठक सम्पन्न भएका थिए। ती बैठकहरूमा समितिहरूले आफ्नो कार्यसम्पादन प्रतिवेदन पारित गरी Governing Board मार्फत महाधिवेशनमा प्रस्तुत गर्ने निर्णय गरेका थिए।

अक्टोबर २९ मा आयोजित उद्घाटन सत्रमा इजिप्टको Accountability State Authority का अध्यक्ष तथा INTOSAI का नवनिर्वाचित अध्यक्षद्वारा स्वागत मन्तव्य व्यक्त गरिएको थियो। साथै, इजिप्टका प्रधानमन्त्री, संघीय मामिला मन्त्री, INTOSAI का महासचिव, निवर्तमान अध्यक्ष (SAI Brazil) तथा अन्य उच्चपदस्थ अधिकारीहरूले सार्वजनिक वित्तीय व्यवस्थापन र जवाफदेहितामा सर्वोच्च लेखापरीक्षण संस्थाहरूको भूमिकाबारे धारणा राखेका थिए। महाधिवेशनको मूल सत्रमा दुई महत्वपूर्ण विषयमा छलफल सम्पन्न भएको थियो:

- सरकारका गतिविधि तथा आर्थिक सङ्कटका अवस्थामा केन्द्रीय बैंकहरूको लेखापरीक्षणमा सर्वोच्च लेखापरीक्षण संस्थाहरूको भूमिका।
- लेखापरीक्षण कार्यमा कृत्रिम बौद्धिकता (Artificial Intelligence) को उपयोग र प्रविधिगत अभ्यास।

उक्त विषयहरूमा सदस्य राष्ट्रका सर्वोच्च लेखापरीक्षण संस्थाका प्रमुख तथा प्रतिनिधिहरूले अनुभव आदानप्रदान गर्दै भविष्यका लेखापरीक्षण अभ्यासलाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउने विषयमा विचार प्रस्तुत गरेका थिए। महाधिवेशनले विभिन्न क्षेत्रीय सङ्गठनहरूको प्रतिनिधित्व सुनिश्चित गर्दै INTOSAI Governing Board का रिक्त पदहरूमा नयाँ सदस्यहरूको निर्वाचन गरेको छ। साथै, आगामी INTOSAI Congress २०२८ इन्डोनेसिया र २०३१ साउदी अरेबियामा आयोजना गर्ने निर्णयसमेत गरिएको छ। सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा उल्लेखनीय योगदान पुर्‍याउने संस्था तथा व्यक्तित्वलाई INTOSAI Award, Kimi Makwetu Award, Elmer B. Staats Award र SAI Young Leaders Award प्रदान गरिएको थियो।

महाधिवेशनको अन्त्यमा शर्म अल-शेख घोषणा (Sharm El-Sheikh Declaration) जारी गर्दै सार्वजनिक कोषको प्रभावकारी उपयोग, सुशासन प्रवर्द्धन तथा जवाफदेहिता अभिवृद्धिका लागि सर्वोच्च लेखापरीक्षण संस्थाहरूको भूमिका अझ सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरिएको छ। महाधिवेशनको अवसरमा विभिन्न सर्वोच्च लेखापरीक्षण संस्थाहरूले आयोजना गरेका साइड इभेन्ट तथा द्विपक्षीय/बहुपक्षीय बैठकहरूमा पनि नेपाली प्रतिनिधिमण्डलले सहभागिता जनाएको थियो। प्रतिनिधिमण्डलले संयुक्त अरब इमिरेट्स तथा जापानका सर्वोच्च लेखापरीक्षण संस्थाका प्रतिनिधिहरूसँग सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा आपसी सहकार्य विस्तारका विषयमा छलफल गरेको थियो। साथै, इजिप्टस्थित नेपाली राजदूतावाससँग भेटघाट गरी कूटनीतिक निकायसम्बन्धी कर फिर्ता तथा स्थानीय कर व्यवस्थासहितका विषयमा जानकारी आदानप्रदान गरिएको थियो।

नेपालको सहभागिताले सार्वजनिक वित्तीय व्यवस्थापन, लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड, कृत्रिम बौद्धिकताको प्रयोग तथा अन्तर्राष्ट्रिय सहकार्यका क्षेत्रमा अनुभव आदानप्रदान गर्न महत्वपूर्ण अवसर प्रदान गरेको छ। यसबाट नेपालको सर्वोच्च लेखापरीक्षण संस्थाको क्षमता अभिवृद्धि तथा अन्तर्राष्ट्रिय उपस्थितिलाई थप सुदृढ बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।



सर्वोच्च लेखापरीक्षण संस्थाहरूको पच्चीसौं अन्तर्राष्ट्रिय महाधिवेशनमा लिएको तस्वीर।

महालेखापरीक्षक समक्ष आर्थिक वर्ष २०८१।८२ को एकीकृत वित्तीय विवरण पेस



उप-महालेखापरीक्षक श्री विन्दु विष्टज्यूलाई केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण पेस गर्नुहुँदै महालेखा नियन्त्रक श्री शोभाकान्त पौडेलज्यू।

१४ कार्तिक, २०८२

महालेखा नियन्त्रक श्री शोभाकान्त पौडेलले आर्थिक वर्ष २०८१/८२ को केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण मिति २०८२ कार्तिक १४ मा महालेखापरीक्षकको कार्यालय समक्ष गर्नुभएको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९ मा भएको व्यवस्था अनुसार संघीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण, नेपाल सरकारका बजेटरी र गैरबजेटरी निकायहरूको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, संघीय विभाज्य कोषको वार्षिक विवरण, धरौटी र विविध कोष लगायतका कोष खाताहरुको विवरण, वैदेशिक सहायताको वार्षिक विवरण, नेपाल सरकारको ऋण दायित्वको वार्षिक विवरण, लगानीको वार्षिक विवरण, नेपाल सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण लगायतका विवरणहरू समेटिएको वित्तीय प्रतिवेदन पेश भएको हो। एकीकृत वित्तीय प्रतिवेदन बमोजिम यो वर्ष सङ्घीय सञ्चित कोषमा राजस्व, अनुदान, ऋण र असुलीसमेत रु.१५ खर्ब ३८ अर्ब ८ करोड ९६ लाख प्राप्ति भएको छ भने चालु, पुँजीगत र वित्तीय व्यवस्थातर्फ कुल रु.१५ खर्ब १३ अर्ब २४ करोड ५९ लाख भुक्तानी भएको देखिन्छ। यस वर्षको कारोबारबाट कोषमा रु.२४ अर्ब ८४ करोड ३७ लाख बचत देखिएकोमा गत वर्षको रोयल्टी बाँडफाँट रु.३ अर्ब १५ करोड २३ लाख थप तथा गत वर्षसम्मको रु.२ खर्ब २८ अर्ब ३५ करोड ७६ लाख ऋणात्मक मौज्दात समायोजन गर्दा २०८१।८२ सम्म सङ्घीय सञ्चित कोष रु.२ खर्ब ३६ करोड १६ लाख ऋणात्मक रहेको छ। धरौटी तथा अन्य कोषहरूको मौज्दात समायोजन गर्दासमेत समग्र सरकारी नगद तथा बैङ्क मौज्दात रु.२८ अर्ब ३० करोड ८३ लाख ऋणात्मक रहेको देखिन्छ।

सरोकारवालाहरूको सहभागितामा भर्चुअल अन्तक्रिया कार्यक्रम सम्पन्न

७ मंसिर र ९ पौष, २०८२

वार्षिक लेखापरीक्षण योजना, २०८२ बमोजिम दोस्रो चरणमा देशका विभिन्न जिल्लामा स्थलगत लेखापरीक्षण टोलीमार्फत लेखापरीक्षण कार्य सञ्चालन भइरहेको सन्दर्भमा सो कार्यलाई थप प्रभावकारी बनाउने उद्देश्यले सरोकारवालाहरूको सहभागितामा भर्चुअल बैठक तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

मिति २०८२ मंसिर ७ र पौष ९ गते आयोजित उक्त भर्चुअल बैठकमा सम्बन्धित निकायका प्रतिनिधिहरू, लेखापरीक्षणसँग प्रत्यक्ष सरोकार राख्ने अधिकारीहरू तथा अन्य सरोकारवालाहरूको सक्रिय सहभागिता रहेको थियो। कार्यक्रममा लेखापरीक्षण प्रक्रियामा गुणस्तरीयता अभिवृद्धि, पारदर्शिता सुनिश्चितता तथा कार्यसम्पादनलाई परिणाममुखी बनाउने विषयमा छलफल गरिएको थियो।

बैठकका क्रममा सहभागीहरूले मौखिक रूपमा तथा च्याटबक्समार्फत लेखापरीक्षणसम्बन्धी विविध जिज्ञासा, अनुभव तथा सुझावहरू प्रस्तुत गरेका थिए। प्रस्तुत सुझावहरूमा लेखापरीक्षण प्रक्रियालाई समयमै सम्पन्न गर्ने, प्रतिवेदनको गुणस्तर सुधार गर्ने, अनुगमन प्रणालीलाई सुदृढ बनाउने तथा सूचना प्रविधिको प्रयोगमा सहजता र लेखापरीक्षणसँग सम्बन्धित विषय उठान भएका थिए। सहभागीहरूले लेखापरीक्षण टोलीलाई फिल्डमा नै सम्परीक्षण गर्नको लागि पर्याप्त समय दिएर पठाउनका लागि अनुरोध गर्नुभएको थियो। पौष ९ गते भएको कार्यक्रममा संविधान अनुसार माध्यमिक तहसम्मको शिक्षाको मात्र स्थानीय तहको अधिकारक्षेत्र भएको भएतापनि व्यवहारिक समस्याका कारण स्थानीय सरकारले उच्च शिक्षा पठन पाठन हुने शैक्षिक संस्थालाई समेत सहयोग गर्नुपर्ने अवस्था रहेको बताउनुभएको थियो। यस्तै सोही कार्यक्रममा अर्को एक सहभागीलेजनमानसमा बेरुजु र भ्रष्टाचार एउटै भएको भन्ने बुझाई रहेको हुँदा बेरुजुको कारण काम गर्न कठिन भएको तर आफूहरू बेरुजु आउन नदिने गरी सरकारी कारोबार गर्न प्रतिवद्ध रहेको बताउनुभयो। यस अवधिमा भएका जुम मिटिङ्गमा कम्तिमा १७० जनादेखि बढीमा ७०० जनासम्म सहभागीहरू हुनुभएको थियो।

उक्त अन्तरक्रियामा माननीय महालेखापरीक्षकज्यूले सहभागीहरूले उठाएका प्रश्न तथा सुझावहरूलाई सम्बोधन गर्दै लेखापरीक्षणलाई अझ प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाउनेतर्फ कार्यालय प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले लेखापरीक्षण प्रक्रियामा सरोकारवालाहरूको सहकार्य, समन्वय र सहभागिता अपरिहार्य रहेको उल्लेख गर्दै आगामी दिनमा प्राप्त सुझावहरूलाई नीतिगत तथा कार्यान्वयन तहमा समेट्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभयो।

यस प्रकारका अन्तरक्रियात्मक कार्यक्रमहरूले लेखापरीक्षण प्रणालीलाई थप सुदृढ बनाउने, सरोकारवालाबीच आपसी समझदारी बढाउने तथा सुशासन प्रवर्द्धनमा सहयोग पुर्‍याउने विश्वास व्यक्त गरिएको छ। साथै, आगामी दिनहरूमा यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै लेखापरीक्षण कार्यलाई थप प्रभावकारी र परिणाममुखी बनाउनेतर्फ ध्यान केन्द्रित गरिने जनाइएको छ।

कार्यक्रमले लेखापरीक्षण प्रक्रियामा पारदर्शिता, उत्तरदायित्व र गुणस्तरीयता अभिवृद्धि गर्ने दिशामा महत्वपूर्ण योगदान पुर्याउने अपेक्षा गरिएको छ।

सूचना प्रविधि प्रणालीको प्रभावकारी प्रयोग र मर्मत सम्भार व्यवस्था सम्बन्धमा छलफल सम्पन्न

८ मंसिर, २०८२

सार्वजनिक निकायमा प्रयोग भइरहेका सूचना प्रविधि प्रणालीको प्रभावकारी उपयोग तथा वार्षिक मर्मतसम्भार कार्यलाई थप व्यवस्थित र अद्यावधिक बनाउने उद्देश्यले सरोकारवालाहरूबीच छलफल कार्यक्रम सम्पन्न भएको छ।

मिति २०८२ मंसिर ८ मा महालेखापरीक्षकको कार्यालयको सभाकक्षमा आयोजित उक्त कार्यक्रममा विभिन्न मन्त्रालय, विभाग तथा सरकारी कार्यालयका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। कार्यक्रममा सूचना प्रविधि प्रणालीको दिगोपन, नियमित मर्मतसम्भार, अद्यावधिक (Update) तथा सुरक्षा व्यवस्थापनका विषयमा छलफल गरिएको थियो। छलफलका क्रममा सहभागीहरूले सार्वजनिक निकायहरूमा प्रयोग भइरहेका विभिन्न सूचना प्रणालीहरूको वर्तमान अवस्था, सञ्चालनमा देखिएका चुनौतीहरू तथा सुधारका सम्भावित उपायहरूबारे आफ्ना धारणा राखेका थिए। विशेषगरी प्रणालीको नियमित मर्मतसम्भार, समयमै अद्यावधिक, डेटा सुरक्षा तथा प्राविधिक जनशक्ति व्यवस्थापनका विषयहरूमा जोड दिइएको थियो।

कार्यक्रममा सूचना प्रविधिको प्रयोगलाई अझ प्रभावकारी, भरपर्दो र सुरक्षित बनाउनेतर्फ ध्यान केन्द्रित गर्नुपर्ने आवश्यकता औंल्याइएको थियो। साथै, प्रणालीहरूको समन्वयात्मक प्रयोग, दीर्घकालीन योजना निर्माण तथा संस्थागत क्षमता अभिवृद्धिका माध्यमबाट सेवा प्रवाहलाई सहज र गुणस्तरीय बनाउन सकिने धारणा व्यक्त गरिएको थियो।

यस प्रकारका अन्तरक्रियात्मक कार्यक्रमहरूले सार्वजनिक निकायमा सूचना प्रविधिको प्रभावकारी प्रयोग, पारदर्शिता अभिवृद्धि तथा सेवा प्रवाहमा सुधार ल्याउन महत्वपूर्ण योगदान पुर्याउने अपेक्षा गरिएको छ।



सूचना प्रविधि प्रणालीको प्रभावकारी प्रयोग र मर्मत सम्भार व्यवस्था सम्बन्धमा छलफल कार्यक्रमको एक झलक।

उदयपुर र धनकुटामा लेखापरीक्षण तथा बेरुजु फर्स्यौंट सम्बन्धी अन्तरक्रिया सम्पन्न

१० र १२ मंसिर, २०८२

लेखापरीक्षण कार्यलाई प्रभावकारी बनाउने तथा बेरुजु फर्स्यौंट र सम्परीक्षण प्रक्रियालाई सुदृढ गर्ने उद्देश्यले उदयपुर र धनकुटा जिल्लामा अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ।

मिति २०८२ मंसिर १० गते उदयपुर र मंसिर १२ गते धनकुटामा आयोजित कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूको सहभागिता रहेको थियो। कार्यक्रममा सम्बन्धित जिल्लाका स्थानीय तहका प्रमुख एवं उप-प्रमुख सरकारी निकायका प्रमुखहरू, लेखा तथा प्रशासनिक कर्मचारीहरू तथा अन्य सरोकारवालाहरूको उपस्थिति रहेको थियो।

कार्यक्रममा लेखापरीक्षण प्रक्रियाको गुणस्तर अभिवृद्धि, बेरुजु फर्स्यौंटलाई समयमै सम्पन्न गर्ने उपायहरू तथा सम्परीक्षण



प्रक्रियालाई प्रभावकारी बनाउने विषयमा छलफल गरिएको थियो। सहभागीहरूले आफ्नो अनुभव, समस्या तथा सुझावहरू प्रस्तुत गरेका थिए।

माननीय महालेखापरीक्षकज्यूले कार्यक्रममा उठेका जिज्ञासा तथा सुझावहरूलाई सम्बोधन गर्दै लेखापरीक्षणलाई पारदर्शी, उत्तरदायी र परिणाममुखी बनाउन सरोकारवालाहरूको सक्रिय सहभागिता आवश्यक रहेको बताउनुभयो। उहाँले बेरुजु न्यूनीकरण तथा फर्स्यौट प्रक्रियालाई समयमै सम्पन्न गर्न सम्बन्धित निकायहरूलाई जिम्मेवार र जवाफदेही बन्न आग्रह गर्नुभयो।

यस प्रकारका अन्तरक्रियात्मक कार्यक्रमहरूले लेखापरीक्षण प्रणालीलाई थप सुदृढ बनाउने, बेरुजु व्यवस्थापनमा सुधार ल्याउने तथा सुशासन प्रवर्द्धनमा योगदान पुर्याउने अपेक्षा गरिएको छ।



धनकुटा कार्यक्रममा सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यू।

बागमती प्रदेशको एकीकृत वित्तीय विवरण महालेखापरीक्षक समक्ष पेस

२८ मंसिर, २०८२

बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को एकीकृत वित्तीय विवरण माननीय महालेखापरीक्षकज्यू समक्ष पेश गरिएको छ।

मिति २०८२ मंसिर २८ मा आयोजित कार्यक्रममा बागमती प्रदेशका प्रदेश लेखा नियन्त्रक श्री हरि प्रसाद उपाध्यायले उक्त वित्तीय विवरण औपचारिक रूपमा प्रस्तुत गर्नुभएको हो। प्रस्तुत विवरणमा प्रदेश सरकारको आय, व्यय, वित्तीय स्थिति तथा समग्र वित्तीय व्यवस्थापनसम्बन्धी विवरण समेटिएको छ।

कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले वित्तीय विवरणको समयमै पेशले वित्तीय पारदर्शिता, उत्तरदायित्व तथा सुशासन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुर्याउने उल्लेख गर्नुभयो। साथै, वित्तीय विवरणको गुणस्तर तथा यथार्थता सुनिश्चित गर्न आवश्यक मापदण्डहरूको पालना गर्नुपर्नेमा जोड दिनुभयो।

उक्त अवसरमा सम्बन्धित अधिकारीहरूबीच वित्तीय व्यवस्थापनलाई थप सुदृढ बनाउने, लेखा प्रणाली सुधार गर्ने तथा प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाउने विषयमा समेत छलफल भएको थियो।



माननीय महालेखापरीक्षकज्यू समक्ष बागमती प्रदेशका प्रदेश लेखा नियन्त्रक श्री हरि प्रसाद उपाध्यायबाट आर्थिक वर्ष २०८१/८२ को एकीकृत वित्तीय विवरण पेस।

स्थलगत लेखापरीक्षण भइरहेको जिल्लाका सरोकारवालाको सहभागितामा भर्चुअल अन्तरक्रिया

२९ मंसिर, २०८२

मिति २०८२ मंसिर २९ मा स्थलगत लेखापरीक्षण सञ्चालन भइरहेका जिल्लाका सरोकारवालाहरूको सहभागितामा भर्चुअल बैठक सम्पन्न भयो। उक्त बैठकमा सहभागीहरुले लेखापरीक्षण प्रक्रियासँग सम्बन्धित विभिन्न जिज्ञासा तथा अनुभवहरू मौखिक तथा च्याटबक्समार्फत प्रस्तुत गरेका थिए।

सहभागीहरूबाट उठाइएका प्रश्न, सुझाव तथा देखिएका व्यावहारिक समस्याहरूका सम्बन्धमा माननीय महालेखापरीक्षकज्यूले सम्बोधन तथा मार्गनिर्देशन प्रदान गर्नुभएको थियो। साथै लेखापरीक्षण कार्यलाई थप प्रभावकारी, समन्वयात्मक र परिणाममुखी बनाउने विषयमा समेत आवश्यक सुझावहरू दिइएको थियो।

आर्थिक वर्ष २०८१।८२ को तीनै तहको एकीकृत वित्तीय विवरण पेस

१४ पौष, २०८२

महालेखा नियन्त्रक श्री शोभाकान्त पौडेलले आर्थिक वर्ष २०८१/८२ को सङ्घ, प्रदेश तथा स्थानीय तहका सरकारहरूको एकीकृत वित्तीय विवरण मिति २०८२ पौष १४ गते माननीय महालेखापरीक्षकसमक्ष पेश गर्नुभएको छ।

नेपाल सरकारबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान तथा महालेखापरीक्षकबाट स्वीकृत लेखा ढाँचाअनुरूप तयार पारिएको यस विवरण तथा प्रतिवेदनमा तीनै तहका सरकारहरूको सञ्चित कोषसम्बन्धी वार्षिक आर्थिक विवरण, बजेट प्रणाली बाहिरका निकायहरूको विवरण लगायत प्रचलित कानुनले तोकेका अन्य आवश्यक विवरणहरू समेटिएका छन्।

अन्तिम प्रतिवेदन अनुसार संघ, प्रदेश र स्थानीय तहहरूको कुल प्राप्ति रु.१७ खर्ब ८२ अर्ब ४० करोड २५ लाख रहेकोमा कुल भुक्तानी रु.१७ खर्ब ७४ अर्ब ७८ करोड १७ लाख तथा सञ्चित कोषमा विभिन्न समायोजनबापत रु.३२ करोड ८२ लाख ७७ हजार थप भई सञ्चित कोषमा रु.७ अर्ब ९४ करोड ९१ लाख मौज्दात रहेको छ। उक्त मौज्दातमा गत वर्षको ऋणात्मक मौज्दात रु.१ खर्ब १६ अर्ब ९३ करोड ९७ लाख समायोजन गर्दा यो वर्षसम्म रु.१ खर्ब ८ अर्ब ९९ करोड ७ लाखले एकीकृत सञ्चित कोष ऋणात्मक रहेको छ।



माननीय महालेखापरीक्षकज्यूसमक्ष आर्थिक वर्ष २०८१/८२ को सङ्घ, प्रदेश तथा स्थानीय तहका एकीकृत वित्तीय विवरण महालेखा नियन्त्रक श्री शोभाकान्त पौडेलले पेस गर्नुहुँदै।

उपत्यकाका स्थानीय तहको लेखापरीक्षण तथा बेरुजु फर्स्यौंट सम्बन्धी अन्तरक्रिया सम्पन्न

१४ पौष, २०८२

काठमाडौं उपत्यकाका स्थानीय तहका प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतहरूको सहभागितामा स्थानीय तहको लेखापरीक्षण, बेरुजु व्यवस्थापन, प्रतिक्रिया तथा सम्परीक्षण सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

मिति २०८२ पौष १४ मा आयोजित उक्त कार्यक्रमको संचालन निर्देशक श्री कल्पना अर्यालले गर्नुभएको थियो। कार्यक्रमको सुरुवातमा नायब महालेखापरीक्षक श्री घनश्याम काफ्लेले लेखापरीक्षण, बेरुजु तथा सम्परीक्षण सम्बन्धमा प्रस्तुतीकरण राख्नु भएको थियो।

खुला सत्रमा बोल्दै ललितपुर महानगरपालिकाका नगर प्रमुख श्री चिरीबाबु महर्जनले आफ्नो पालिकाले लेखापरीक्षकले दिएको सुझावलाई महत्व दिएर सम्बोधन गर्ने गरेको उल्लेख गर्नुभयो। यस्तै उहाँले सम्पदा संरक्षणका लागि छुट्टै नर्म्स तथा खरिद प्रक्रियाको लागि सार्वजनिक खरिद कानूनमा संशोधन गर्नपर्ने औल्याउनुभयो। यस्तै काठमाडौं महानगरपालिकाकी नगर उपप्रमुख श्री सुनिता डंगोलले अमूर्त सम्पदाहरूको संरक्षणमा गरेको खर्चलाई कसरी लेखांकन र प्रतिवेदन गर्ने भन्ने विषय जटिल रहेको बताउनुभयो। यस्तै उहाँले बहाल कर स्थानीय तहको एकल अधिकार हो भन्ने विषयमा स्थानीय तहको साझा धारणा रहनुपर्ने विषय पनि उठाउनुभयो। कार्यक्रममा अन्य पालिकाको तर्फबाट सहभागीहरूले फिल्डमा खटिने लेखापरीक्षण टोलीको समय थप गरेर भएपनि सम्परीक्षणको काम फिल्डबाट नै गरिदिनुपर्ने, संघीयता कार्यान्वयन हुनुभन्दा अगाडीको बेरुजु व्यवस्थापन, लेखापरीक्षण प्रतिवेदन समयमा नै उपलब्ध भएमा सुझावहरू कार्यान्वयन गर्न सहज हुने लगायतका विषयमा आफ्नो धारणा तथा सुझावहरु राख्नुभएको थियो।

यस कार्यक्रममा महालेखापरीक्षकको कार्यालय तथा स्थानीय तहका प्रतिनिधिहरूसमेत ७१ जनाको सहभागिता रहेको थियो। कार्यक्रमको अन्तिममा माननीय महालेखापरीक्षकज्यूले उठेका प्रश्नहरूको सम्बोधन गर्नुहुँदै आफ्नो धारणा पनि राख्नुभएको थियो। उहाँले, स्थलगत लेखापरीक्षणको क्रममा हुने प्रवेश तथा वहिर्गमन बैठकमा सहभागी हुन तथा आफ्नो धारणा राख्नुहुन सबैलाई अनुरोध गर्नुभयो। पुराना ऐन कानूनको समयानुकुल संशोधन हुनुपर्छ भनेर हामीले वार्षिक प्रतिवेदनमा सुझाव दिएको, हामीले कानून हेरेर मात्र बेरुजु लेख्ने तथा हाम्रो काम कारबाहीमा पनि सुधार गर्नुपर्ने विषय भए सुझाव दिनुहोला भन्ने अनुरोध गर्नुहुँदै उहाले सहभागिताका लागि सबैलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो।



उपत्यकाका स्थानीय तहको लेखापरीक्षण तथा बेरुजु व्यवस्थापन सम्बन्धी अन्तरक्रिया सम्पन्न पश्चात् लिइएको सामूहिक तस्वीर।



लेखापरीक्षण तथा बेरुजु व्यवस्थापन सम्बन्धी अन्तरक्रियामा आफ्ना धारणा रख्दै एक सहभागी।

वर्ष ८, अंक ३०, २०८२ पौष (Year 8, Issue 30 Dec/Jan - 2025-26)

लेखापरीक्षण सल्लाहकार समितिको २५औं बैठक सम्पन्न



लेखापरीक्षण सल्लाहकार समितिको बैठक पश्चात् लिईएको सामूहिक तस्वीर।

१७ पौष, २०८२

महालेखापरीक्षकको कार्यालयको सभाकक्षमा लेखापरीक्षण सल्लाहकारी समितिको २५औं बैठक सम्पन्न भएको छ।

मिति २०८२ पौष १७ मा सम्पन्न उक्त बैठकमा आर्थिक वर्ष २०८१/८२ अन्तर्गत सञ्चालन भइरहेको स्थलगत लेखापरीक्षणको प्रगति अवस्थाको समीक्षा गर्दै तोकिएको समयसीमाभित्र लेखापरीक्षण कार्य सम्पन्न गर्ने विषयमा विस्तृत छलफल गरिएको थियो। साथै लेखापरीक्षण प्रक्रियालाई अझ प्रभावकारी, गुणस्तरीय र परिणाममुखी बनाउने सम्बन्धमा आगामी कार्ययोजना तथा आवश्यक सुधारका उपायहरूबारे समेत विचार-विमर्श गरिएको थियो।

बैठकमा लेखापरीक्षणका क्रममा देखिएका चुनौतीहरू, स्रोत तथा जनशक्ति व्यवस्थापन, समन्वय अभिवृद्धि र प्रतिवेदनको गुणस्तर सुधार जस्ता विषयहरूमा विशेष जोड दिइएको थियो। सहभागीहरूले लेखापरीक्षण कार्यलाई समयमै सम्पन्न गर्न स्पष्ट कार्ययोजना, अनुगमन सुदृढीकरण तथा जिम्मेवारी निर्धारण आवश्यक रहेको धारणा व्यक्त गरेका थिए।

यस प्रकारका बैठकहरूले लेखापरीक्षण प्रणालीलाई थप सुदृढ बनाउने, कार्यसम्पादनमा गति ल्याउने तथा वित्तीय अनुशासन र सुशासन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

महालेखापरीक्षकको कार्यालयका प्रदेश कार्यालयहरू स्थापना गर्न सङ्गठन संरचना स्वीकृत

२१ पौष, २०८२

नेपाल सरकार, मन्त्रिपरिषद्को २०८२ पौष २१ गतेको बैठकले महालेखापरीक्षकको कार्यालयअन्तर्गत सातवटै प्रदेशमा प्रदेश कार्यालय स्थापना गर्न आवश्यक सङ्गठन संरचना तथा दरबन्दी पुनरावलोकनलाई स्वीकृति दिएको छ।

स्वीकृत संरचना अनुसार वागमती प्रदेशमा नायब महालेखापरीक्षकको नेतृत्वमा ५४ जनाको दरबन्दी रहनेछ भने अन्य ६ वटा प्रदेशमा निर्देशकको नेतृत्वमा प्रत्येक प्रदेश कार्यालयमा ११ जनाको दरबन्दी कायम रहने व्यवस्था गरिएको छ। स्वीकृत दरबन्दी संरचनाअनुसार यस कार्यालयको दरबन्दी सङ्ख्या ६३९ कायम भएको छ। यस निर्णयले प्रदेशस्तरमा लेखापरीक्षण तथा सम्परीक्षण कार्यलाई थप प्रभावकारी, विकेन्द्रित तथा पहुँचयोग्य बनाउने अपेक्षा गरिएको छ। जसमा उप-महालेखापरीक्षक ४, नायव महालेखापरीक्षक १८, निर्देशक ११३, लेखापरीक्षण अधिकारी २५५, लेखापरीक्षण अधीक्षक १२५, लेखापरीक्षण निरीक्षक १०, कम्प्युटर ईन्जिनियर २, कानुन अधिकृत १ लगायत रहेका छन्।





नवप्रवेशी शाखा अधिकृतहरूको स्वागत तथा कर्मचारी बिदाइ कार्यक्रम सम्पन्न

महालेखापरीक्षकको कार्यालयमा नवप्रवेशी शाखा अधिकृतहरूको स्वागत तथा अन्यत्र सरुवा भई जाने कर्मचारीहरूको विदाइ कार्यक्रम सम्पन्न भएको छ।

लोक सेवा आयोगको छनोट प्रक्रियामा सफल भई यस वर्ष लेखापरीक्षण सेवामा १० जना नयाँ लेखापरीक्षण अधिकारीहरूको प्रवेश भएको अवसरमा उहाहरूको औपचारिक स्वागत गरिएको थियो। सोही कार्यक्रममा लेखापरीक्षण सेवामा कार्यरत ३ जना अधीक्षकले लोक सेवा आयोगमार्फत अन्य सेवामा शाखा अधिकृत पदमा पदस्थापन भएको सन्दर्भमा उनीहरूको बिदाइ समेत गरिएको थियो।

कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले नवप्रवेशी कर्मचारीहरूलाई स्वागत गर्दै इमानदारी, पेशागत निष्ठा र जिम्मेवारीबोधका साथ कार्यसम्पादन गर्न प्रेरित गर्नुभयो। साथै विदाइ हुने कर्मचारीहरूको योगदानको कदर गर्दै उहाँले आगामी कार्यजीवन सफल रहोस् भन्ने शुभकामना व्यक्त गर्नुभयो।

उक्त कार्यक्रममा कार्यालयका उच्च पदस्थ अधिकारीहरू, कर्मचारीहरू तथा सरोकारवालाहरूको उपस्थिति रहेको थियो। कार्यक्रमले संगठनभित्र आपसी सम्बन्ध सुदृढ गर्न, नयाँ जनशक्तिलाई उत्प्रेरित गर्न तथा संस्थागत संस्कृतिलाई मजबुत बनाउन सहयोग पुर्‍याउने विश्वास व्यक्त गरिएको छ।



नवप्रवेशी शाखा अधिकृतहरूको स्वागत तथा कर्मचारी बिदाइ कार्यक्रमा लिइएको सामूहिक तस्वीर।

२०८२ श्रावण देखि पौषसम्म अवकाश भएका कर्मचारीहरूको विवरण

सि.नं.	पद	नाम	मिति	कैफियत
१	नायब महालेखापरीक्षक	श्री रविन्द्रप्रसाद देवकोटा	२०८२।०४।०६	अनिवार्य अवकाश
२	नायब महालेखापरीक्षक	श्री ध्रुवराज भुसाल	२०८२।०४।०८	अनिवार्य अवकाश
३	निर्देशक	श्री ठाकुर प्रसाद न्यौपाने	२०८२।०४।२५	अनिवार्य अवकाश
४	उप-महालेखापरीक्षक	श्री नारायण एम.सी.	२०८२।०४।३०	अनिवार्य अवकाश
५	निर्देशक	श्री विष्णु प्रसाद खनाल	२०८२।०५।०६	अनिवार्य अवकाश
६	निर्देशक	श्री लेखप्रसाद लामिछाने	२०८२।०६।१०	अनिवार्य अवकाश
७	निर्देशक	श्री घनश्याम पौडेल	२०८२।०६।११	अनिवार्य अवकाश
८	निर्देशक	श्री दामोदर अर्याल	२०८२।०६।२०	अनिवार्य अवकाश
९	निर्देशक	श्री युवराज अधिकारी	२०८२।०८।०७	अनिवार्य अवकाश
१०	उप-महालेखापरीक्षक	श्री इन्द्रप्रसाद आचार्य	२०८२।०९।०९	अनिवार्य अवकाश

२०८२ श्रावण देखि पौषसम्म सरुवा भई आएका कर्मचारीहरूको विवरण

सि.नं.	पद	नाम	रमाना मिति
१	कम्प्यूटर अपरेटर	श्री लालबाबु महतो	२०८२।०४।१५
२	जुनियर इलेक्ट्रिसियन	श्री राजन कुमार गुप्ता	२०८२।०४।०७
३	कानून अधिकृत	श्री अमिता खनाल	२०८२।०४।१९
४	सूचना प्रविधि निर्देशक	श्री सन्तोष ढुंगाना	२०८२।०८।१४

२०८२ श्रावण देखि पौषसम्म रमाना भई गएका कर्मचारीहरूको विवरण

सि.नं.	पद	नाम	रमाना मिति
१	कानून अधिकृत	श्री रोमिका भट्टराई	२०८२।०५।१८
२	सूचना प्रविधि निर्देशक	श्री थानेश्वर प्रसाद पनेरु	२०८२।०८।०९
३	लेखापरीक्षण अधीक्षक	श्री एकराज कुलुङ्ग	२०८२।०८।२३
४	लेखापरीक्षण अधीक्षक	श्री बाल कुमार कुलुङ्ग	२०८२।०८।२३
५	लेखापरीक्षण अधीक्षक	श्री ऋषिराम पोखेल	२०८२।०८।२३
६	लेखापरीक्षण निरीक्षक	श्री प्रविण भुसाल	२०८२।०८।२८
७	जुनियर इलेक्ट्रीसियन	श्री राजन कुमार गुप्ता	२०८२।०९।०९

२०८२ श्रावण देखि पौषसम्म खुल्ला प्रतिष्पर्धात्मक परीक्षाबाट नियुक्ति कर्मचारीहरूको विवरण

सि.नं.	पद	नाम	नियुक्ती मिति
१	लेखापरीक्षण अधिकारी	श्री सनिक्षा बादे	२०८२/०८/२३
२	लेखापरीक्षण अधिकारी	श्री दामोदर घिमिरे	२०८२/०८/२३
३	लेखापरीक्षण अधिकारी	श्री बोलराज आचार्य	२०८२/०८/२३
४	लेखापरीक्षण अधिकारी	श्री अभिषेक गुप्ता	२०८२/०८/२३
५	लेखापरीक्षण अधिकारी	श्री नवराज खतिवडा	२०८२/०८/२३
६	लेखापरीक्षण अधिकारी	श्री विजया अर्याल	२०८२/०८/२३
७	लेखापरीक्षण अधिकारी	श्री कोपिला थापा	२०८२/०८/२३
८	लेखापरीक्षण अधिकारी	श्री विकास मगर	२०८२/०८/२३
९	लेखापरीक्षण अधिकारी	श्री दिनेश प्रसाद	२०८२/०८/२३
१०	लेखापरीक्षण अधिकारी	श्री मनिस वड	२०८२/०८/२३

२०८२ श्रावण देखि पौषसम्म स्वदेश तथा वैदेशिक तालिम, गोष्ठी तथा अध्ययनमा सहभागी कर्मचारीहरूको विवरण

नाम	पद	कार्यक्रम	देश	कैफियत
श्री बुद्धिराज बसेल	निर्देशक	सेवाकालीन तालिम	नेपाल	सेवाकालीन तालिम
श्री टीपलाल पोडेल	निर्देशक			
श्री चन्द्र कान्त भण्डारी	नायव महालेखापरीक्षक	AOSSG Interim Meeting, World Standards Setter (WSS) Conference तथा International Forum of Accounting Standard Setter (IFASS)	बेलायत	२०२५ सेप्टेम्बर २८ देखि अक्टोबर १ सम्म
श्री रामकुमारी शर्मा	निर्देशक	Belt and Road Initiative and tax Administrtation Cooperation Forum	नेपाल	सोल्टी होटल
श्री राजिव बस्नेत	लेखापरीक्षण अधिकारी			
श्री छिरिङ तोप्के लामा तामाङ	निर्देशक	सम्पर्क अधिकृत अनुस्थापन तालिम	नेपाल	नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान
श्री चन्द्र कान्त भण्डारी	नायब महालेखापरीक्षक	Forum of INTOSAI Professional Pronouncement (FIPP)	साउथ अफ्रिका	२०२५ डिसेम्बर २-५
श्री रोशन दास	निर्देशक	International Auditor Fellowship Proggram GAO, 2026	नेपाल संयुक्त राज्य अमेरिका	
श्री तारा कुमार सुवेदी	निर्देशक	Strengthening Client Capacity for Impact (SCCI)	नेपाल	नेपाल वा अन्य
श्री पिङ्की कुमारी दास			नेपाल	

नाम	पद	कार्यक्रम	देश	कैफियत
श्री शिव प्रसाद आचार्य	निर्देशक	Workd Bank Procurement Process	नेपाल	
श्री टिकानाथ अर्याल			नेपाल	
श्री घनश्याम पराजुली	उप महालेखापरिक्षक	2025 ADB Regional Public Sector Sustanability Reporting Form	फिलिपिन्स	२०२५ सेप्टेम्बर १८-१९
श्री बिन्दु विष्ट	उप महालेखापरिक्षक	ASOSAI Brokering Upscaled SAI Support (BUSS)	फिलिपिन्स	२०२५ सेप्टेम्बर २२-२७
श्री श्रीकुमार राई	नायब महालेखापरीक्षक	Confederation of Asian and Pacific Accountants (CAPA) को Member Meeting	अनलाईन	
श्री नन्द प्रसाद भट्टराई	निर्देशक	Seminar on Investigation technique Oversight Institution	चिन	२०२५ नोभेम्बर ३-१४
श्री रमेश उपाध्याय	लेखपरीक्षक अधिकारी			
श्री नविन रिमाल	लेखपरीक्षक अधिक्षक	सेवाकालीन तालिम	नेपाल	
श्री चन्द्र कान्त भण्डारी	नायब महालेखापरीक्षक	AOSSG Interim Meeting, World Standards Setter (WSS) Conference तथा International Forum of Accounting Standard Setter (IFASS)	बेलायत	२०२५, सेप्टेम्बर २८ देखि अक्टोबर १ सम्म
श्री शैलेन्द्र कार्की	लेखापरीक्षण अधिकारी	ICISA	भारत	२०२५, नोभेम्बर १२ देखि १८ सम्म
रामचन्द्र ओझा	निर्देशक	Two week In-Person Tranining Program	थाइल्याण्ड	२०२५, नोभेम्बर १७ देखि २४ सम्म
प्रमोद कुमार मण्डल	निर्देशक			
श्री श्रीकुमार राई	नायब महालेखापरीक्षक	In Person Workshop on EQR Online Onbording Session	फिलिपिन्स	२०२५, अक्टोबर ६ देखि १० सम्म
श्री दिवस शंकर अधिकारी	लेखापरीक्षण अधिकारी			
श्री योग्य प्रसाद राई	निर्देशक			
श्री नन्द प्रसाद भट्टराई	निर्देशक	Seminar on Investigation technique Oversight Institution	चीन	२०२५, नोभेम्बर ५ देखि १८ सम्म
श्री रमेश उपाध्याय	लेखपरीक्षण अधिकारी			
श्री सन्तोश शर्मा साप्कोटा	निर्देशक	ASOSAI Capacity program २०२४-२५	ईन्डोनेसिया	२०२५, नोभेम्बर २७ देखि डिसेम्बर ६ सम्म
श्री रोशन दास	निर्देशक			
श्री चन्द्रकान्त भण्डारी	नायब महालेखापरीक्षक	Forum of INTOSAI Professional Pronouncement (FIPP)	साउथ अफ्रिका	२०२५, डिसेम्बर २ देखि ५ सम्म

नाम	पद	कार्यक्रम	देश	कैफियत
श्री गोकर्ण खनाल	निर्देशक	Seminar on Accounting and audit skills for Nepal Project Profile	चीन	२०२५, अक्टोबर १९ देखि नोभेम्बर ११ सम्म
श्री थानेश्वर प्रसाद पनेरु	निर्देशक			
श्री त्रिलोचन भट्टराई	लेखापरीक्षण अधिकारी			
श्री सरस्वती थापा	लेखापरीक्षण अधिकारी			
श्री बिदुर साप्कोटा	लेखापरीक्षण अधिकारी			
श्री योगेश चौधरी	लेखापरीक्षण अधिकारी			
श्री निलकण्ठ चापागाई	लेखापरीक्षण अधिकारी			
श्री जयप्रकाश ठाकुर	लेखापरीक्षण अधिकारी			
श्री बिवेक काफ्ले	लेखापरीक्षण अधिकारी			
श्री शुक्रराज तामाङ	लेखापरीक्षण अधिकारी			
श्री नारायण अर्याल	लेखापरीक्षण अधिकारी			
श्री बसन्त कोईराल	लेखापरीक्षण अधिकारी			
श्री जितेन्द्र राई	लेखापरीक्षण अधिकारी			
श्री भुवनेश्वर पङ्नेनी	लेखापरीक्षण अधिकारी			
श्री राधिका चम्लागाई	लेखापरीक्षण अधिकारी			
श्री नीर प्रसाद सुवेदी	निर्देशक	ICISA	भारत	२०२६, जनवरी ७ देखि २० सम्म



Seminar on Accounting and Auditing compute nce for nepal विषयक तालिममा महालेखापरीक्षकको कार्यालयबाट १५ जना सहभागी।

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
२०१८ जेष्ठ १८

स्वर्गारोहण:
वि.सं.
२०८२ आषाढ २७

स्व. शिवायारी अधिकारी

यस कार्यालयका हलुका सवारी चालक श्री बद्रीनाथ अधिकारीज्यूका पूजनीय माता शिवायारी अधिकारीको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवम् भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दैछौं ।

महालेखापरीक्षकको कार्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
२००७ भाद्र ४

स्वर्गारोहण:
वि.सं.
२०८२ वैशाख ११

स्व. ललित बहादुर लिम्बु

यस कार्यालयका लेखापरीक्षण अधीक्षक श्री गणेश लिम्बुज्यूका पूजनीय बुवा ललित बहादुर लिम्बुको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवम् भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दैछौं ।

महालेखापरीक्षकको कार्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
२०१५ भाद्र ६

स्वर्गारोहण:
वि.सं.
२०८२ मंसिर २७

स्व. अर्जुन कुमार भुजेल

यस कार्यालयका लेखापरीक्षण अधिकारी श्री सुवाश भुजेलज्यूका पूजनीय बुवा अर्जुन कुमार भुजेलको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवम् भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दैछौं ।

महालेखापरीक्षकको कार्यालय परिवार